# सन्थाल जातिमा प्रचलित प्रथाजनित संस्था र न्यायप्रणाली

डा. भक्त राई

**लेखसार**

*सन्थाल जातिमा मन्झी पारगाना परिवारभन्दा एक तह माथिको संरचना हो । मन्झीहाडाम मन्झी पारगाना गाँउको प्रमुख व्यक्ति हुन् । उनलाई औपचारिक रूपमा गाउँको प्रवक्ता र प्रतिनिधिको रूपमा पनि लिइन्छ । गाँउको सबै महत्त्वपूर्ण घटनाहरू मन्झीलाई सुसुचित गर्नुपर्छ र सबै सामाजिक, धार्मिक, राजनीतिक अवसरमा मन्झीको सल्लाह, अग्रसरता र सहभागिता अनिवार्य हुन्छ । मन्झीको प्रमुख जिम्मेवारी भनेको परम्परागत न्यायप्रणालीलाई सुचालु गर्न पनि हो तर यसरी निर्णय गर्दा लोकतान्त्रिक प्रकिया पुऱ्याएर सबै गाउँका सदस्यहरूको सर्वसम्मतिबाट गर्ने गरिन्छ । सन्थालहरू कुनै ठाउँमा बसोबास गर्ने बित्तिकै पाँच प्रमुख र दुई सहयोगी सर्वसम्मतिबाट निर्णय गरेर नियुक्त गर्छन् । अन्य सम्पूर्ण गाउँका सदस्यहरू मन्झी पारगानाको सदस्य हुन्छन् । परम्पराअनुसार गाउँको प्रमुख र सहयोगीहरूको जेठो छोरो वंशाणुगत रूपमा बुवाको पदको हकदार हुने गर्दछ । प्रस्तुत अध्ययन कार्यमा लोपोन्मुख सन्थाल जातिमा प्रचलित प्रथाजनित संस्था र न्यायप्रणालीको विश्लेषण गरिएको छ ।*

**शब्दकुञ्जी** :

मन्झीपारगाना, मन्झीहाडाम, प्राणीक, जगमन्झी, जगप्राणीक, नायकी, प्राणीक

## १. परिचय

वस्तुतः संस्कृति भनेको मानिसले जीविकोपार्जन गर्ने क्रममा परम्परागत रूपमा सिक्दै र भोग्दै आएको जीवनशैली हो । सामान्यतः रीतिथिति, परम्परा, भेषभूषा, खानपान, चाडपर्व आस्था, विश्वास, नाँचगान, धर्मकर्म, सिपकला, कथा-गाथा आदिलाई मात्र संस्कृतिको रूपमा बुझने गरिन्छ । कुनै पनि जाति, वर्ग र समुदायले परापूर्व कालदेखि नै अनवरत रूपमा अवलम्बन तथा अङ्गीकार गर्दै आएको समग्र क्रियाकलापको समष्टि रूप नै संस्कृति हो । नेपालमा रहेका विभिन्न आदिवासी जातजातिहरूमध्ये सन्थाल जाति एक लोपोन्मुख र अति पछाडी परेको जाति हो । बि.सं.२०७८ सालको जनगणनाअनुसार नेपालमा सन्थाल जातिको जन सङ्ख्या ५७३१० रहेको छ । सो संख्या नेपालको कुल जनसङ्ख्याको ०.००२ प्रतिशत हुन आउँछ । पूर्वी तराइको भारत सीमासम्म जोडिएको झापा जिल्ला विभिन्न जातजातिको बसोवासको क्षेत्र हो, त्यसमध्ये सन्थाल जाति एक आदिवासी जाति हो । झापा जिल्लामा सन्थाल जातिको बढी जनसङ्ख्या भएको साबिक क्षेत्र शरनामति, कुमारखोत, महेशपुर, कोरोवारी, गरामुनी, टागनंडुवा, शरनामति, कुमारखोत, महेशपुर, कोरोवारी, गरामुनी, टागनडुवा, ज्यामिरगढी, जलथल, घैलाडुवा, सुरुडा, हल्दीवारी, चकचकी, चन्द्रगढी, चारपाने,दडीबारी र शिवगन्ज हुन् । त्यसैगरी मोरङ जिल्लाको भातिगन्ज, मझारे, दरवेशा, होक्लाबारी, बदियाबिर्ता, शिस्वनी जहडा, गोविन्दपुर, वरडागा र अमरदह सन्थाल जातिका बसोवासको क्षेत्र हो । सन्थाल जातिले  आफ्नो छुट्टै पितृ र प्रकृतिपूजनमा आधारित

प्राकृतिक धर्मलाई अवलम्बन गर्दै आएका छन् । केही दशक अघिसम्म झापा र मोरङका अधिकांश कृषियोग्य भूमि सन्थाल जातिको स्वामित्वमा थियो । त्यसताका उनीहरूको जीवन सुखीमय र सामान्य थियो । तर, वर्तमान समयमा बढ्दो जनसङ्ख्या, भूमि विखण्डनमा आएको तिव्रता, कृषिको वैकल्पिक रोजगारको अभाव तथा तिनीहरूको सरल र सहज स्वभाव आदिको कारण यो जातिको जनजीवन दिनप्रतिदिन कष्टकर र लोप हुँदै गइरहेको छ । प्रस्तुत लेखमा लोपोन्मुख सन्थाल जातिमा प्रचलित प्रथाजनित संस्था र न्यायप्रणालीको बारेमा संक्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ ।

## २. सन्थाल जातिको परम्परागत प्रथाजनित न्यायप्रणाली

### २.१ मन्झीपारगाना

सन्थाल जातिमा कुनै ठाउँमा बसोबास गर्ने बित्तिकै मन्झीपारगानामा पाँच प्रमुख र दुई सहयोगी समुदायको सर्वसम्मति निर्णयबाट नियुक्त गर्छन् । अन्य सम्पूर्ण गाउँका सदस्यहरू मन्झीपारगानाको सदस्य हुन्छन् । सन्थाल जातिमा मन्झीपारगाना परिवार भन्दा एक तह माथिको संरचना हो । जसको निर्माण र संचालन सन्थालहरूको परम्परागत, सामाजिक, सांस्कृतिक र राजनीतिक मूल्य मान्यतामा आधारित हुन्छ । यी पदाधिकारीहरूको कार्यावधिको समय निर्धारण गरिएको हुँदैन । पदाधिकारीहरूले कुनै कारणवश राजीनामा गर्न पनि सक्छन् । पदाधिकारीहरू आफ्नो जिम्मेवारीप्रति कर्तव्यनिष्ठ र इमान्दार हुनुपर्छ । गाउँलेहरू कुनै पनि पदाधिकारीको कार्यबाट सन्तुष्टि नभएमा उनलाई सामूहिक निर्णय गरेर हटाउन पनि सक्छन् । परम्पराअनुसार गाउँको प्रमुख र सहयोगीहरूको जेठो छोरो वंशाणुगत रूपमा बुवाको पदको हकदार हुने गर्दछ । तर हाल गाउँको प्रमुखहरू र सहयोगीहरूको कुनै पद रिक्त हुन आएमा वंशाणुगत रूपमा भन्दा पनि समुदायका सदस्यहरू मध्येबाट सर्वसम्मतिबाट नियुक्ति गर्ने प्रचलन बढ्दै गईरहेको छ ।

### २.२ मन्झीपारगानाको औपचारिक पदाधिकारीहरू :

**(क) मन्झीहाडाम**: सन्थाल जातिमा गाँउको सबै महत्त्वपूर्ण घटनाहरूका बारेमा मन्झीलाई जानकारी गर्नुपर्छ । समुदायका सबै सामाजिक, धार्मिक, राजनीतिक समारोह र अवसरहरूमा मन्झीको सल्लाह, अग्रसरता र सहभागिता अनिवार्य हुन्छ । मन्झीहाडाम मन्झीपारगाना वाअतु (गाँउ)को प्रमुख व्यक्ति हुन् । उनलाई औपचारिक रूपमा गाउँको प्रवक्ता र प्रतिनिधिको रूपमा पनि लिइन्छ । मन्झीको प्रमुख जिम्मेवारी भनेको परम्परागत न्यायप्रणालीलाई संचालन गर्नु पनि हो । तर यसरी निर्णय गर्दा लोकतान्त्रिक प्रक्रिया पुऱ्याएर सबै गाउँका सदस्यहरूको सर्वसम्मतिबाट गर्ने गरिन्छ । सन्थाल जातिमा गाउँमा कसैलाई कुनै कुरामा गुनासो भएमा, व्यक्तिगत वा परिवारिक विवाद भएमा अन्यायमा पर्नेले मन्झीहाडाम समक्ष निवेदन गर्दछ । मन्झीहाडामले गाउँमा उठेको विवाद, झगडासँग सम्बन्धित् विषयमा सुनुवाई गरी निर्णय गर्छ । गाउँभित्र हुने कुनै पनि सामाजिक संस्कार, चाडपर्व, सामूहिक पुजामा मन्झीहाडाम अनिवार्य रूपमा उपस्थिति र अग्रसरता हुने गर्छ । सामान्य किसिमको परिवारिक विवाद भएमा अनौपचारिक रूपमा घरको परिवारलाई भेला गराई छलफल गरेर मन्झीहाडामले निर्णय गर्छ । गम्भीर किसिमको विवाद भएमा निश्चित दिन तोकेर मन्झीको घरमा सम्पूर्ण गाउँलेहरू उपस्थित गराई छलफल गरिन्छ । घरपरिवार र महिलाहरू माझ बसेर छलफल गर्न अशोभनीय वा असहज किसिमको विवाद भएमा बाटोको खुल्ला ठाउँमा वा एकान्त ठाँउमा गएर छलफल गरिन्छ । यस किसिमको छलफललाई कुल्ही बैसी भनिन्छ ।[1]

1 बुदराई मुर्मु , कन्काई नगरपालिका-७ झापा (अन्तर्वार्ता मिति: २०७१/०७/१३ अनुसार)

यसरी सन्थाल जातिमा गाउँमा गरेको निर्णयमा वादी, प्रतिवादी सहमत नभए गाउँको सिमानामा बसेर पनि छलफल गरिन्छ । यस्तो छलफलमा अन्य गाउँको मन्झीहाडाम र गाउँलेहरू पनि सहभागी हुन्छन् । यस किसिमको बैसीलाई (सभा) डिगोल बैसी भनिन्छ । यदि दुई वा दुई भन्दा बढी गाउँहरू बीच वादविवाद भएमा सम्बन्धित् गाउँको मन्झीले गाउँको प्रतिनिधित्व गर्छन् । छलफलबाट दोषी ठहरिएमा दोषिले निर्धारित रकम दण्ड, जरिवाना स्वरूप भुक्तानी गर्नुपर्छ जुन छलफलमा उपस्थित हुनेले सामूहिक रूपमा भोज वा जाँडरक्सी खानमा खर्च गर्छन् (स्रोत : राई र अन्य, २०७५) ।

सन्थाल जातिमा प्रत्येक गाउँमा प्रमुखको रूपमा एक मन्झीहाडामको व्यवस्था गरिएको हुन्छ । मन्झीहाडाम तुलनात्मक रूपमा योग्य, बुद्धिमान, समस्याको निर्णय गर्न सक्ने हुन्छ । यस्तो व्यक्ति उसको चलाखी र नेतृत्व गर्न सक्ने क्षमाताका आधारमा चुन्ने गर्दछन् । मन्झीहाडामले गाउँमा परेको झैंझगडा मुद्दामामिला छिन्नुको साथै समाजको अन्य कार्यमा पनि अग्रणी भूमिका खेल्दछ । मन्झीहाडामले समाजमा निर्वाह गर्नुपर्ने भूमिकाहरू सन्थाल जातिमा भएका समस्याहरू जस्तो झगडा, सम्बन्धविच्छेद, बिबाह आदि मान्झीहाडामले सुल्झाउनुपर्दछ, मन्झीहाडामको निर्णय सबै सतारले मान्नुपर्दछ ।

**(ख) प्राणीक**: सन्थाल जातिमा मान्झीको अनुपस्थितिमा प्राणीकले मान्झीको भूमिका निर्वाह गर्दछ । प्राणीकले गाँउमा खेतीयोग्य जमीनको व्यवस्थापन गर्ने, उर्वर भूमि समानुपातिक रूपमा सबैलाई वितरण गर्ने, नयाँ बसोबास गर्न आएकालाई व्यवस्थापन गर्ने र सोको लागि गाउँलेहरूबाट चन्दा संकलन गर्ने कार्य गर्दछ तर हाल प्राणीकको भूमिका उपप्रमुखमा मात्र सिमित छ । सन्थाल जातिमा मन्झीहाडामको अनुपस्थितिमा सम्पूर्ण जिम्मेवारी प्राणीकमा रहन्छ । प्राणीकले अन्य समयमा मान्झीहाडामको मुख्य सल्लाहकारको रूपमा कार्य गर्दछ । गाउँमा बिबाह भएको समयमा प्राणीकलाई पनि एक जोर कपडा दिने चलन छ । प्राणीकको विशेष कामले गाउँ बाहिर जानुपरेमा कुनै विश्वासिलो व्यक्तिलाई जिम्मेवारी हस्तान्तरण गर्ने प्रचलन छ । सन्थाल जातिमा मान्झीहाडामको अनुपस्थितिमा सम्पूर्ण निर्णय गर्ने अधिकार भने प्राणीकमा रहदैन ।

**(ग) जगमन्झी**: सन्थाल जातिमा गाउँमा हुने बिहेवारी, सांस्कृतिक कार्यक्रम, चाडपर्व र सामाजिक संस्कारहरूमा जगमन्झीले नेतृत्व लिने गर्दछन् । परम्परागत आचारसंहितालाई युवाहरूको माझमा जीवन्त राख्नु जगमन्झीको प्रमुख दायित्वको रुपमा रहेको हुन्छ । जगमन्झी पनि मन्झीहाडामको सल्लाहकारको रूपमा रहन्छ । जगमन्झीले गाउँमा भएका नयाँ समाचारहरू, घटनाहरूको सम्बन्धमा मन्झीहाडामलाई जानकारी गराउने कार्य गर्दछ । सन्थाल जातिमा जगमन्झीले संचार आदानप्रदान गर्ने काम र गाउँमा बिबाहको अवसरमा मानिस बोलाउने साथै बिबाहसम्बन्धी कुरा अघि बढाउने, केटाकेटी मन परापर भएमा कुरा मिलाउने र नाचगानको व्यवस्था पनि जगमाझीकै जिम्मेवारी भित्र पर्दछन् ।[2]

**(घ) नायकी**: सन्थाल जातिमा नायकीले गाँउको धार्मीक संस्कार पर्वहरूमा पूजारीको भूमिका निवार्ह गर्दछ । सामूहिक रूपमा चाडपर्वको अवसरमा गरिने पूजा, बलिदिने काम र जन्म तथा मृत्यू संस्कारमा पुरोहितको काम नायकीले नै गर्दछ । नायकीले सम्पूर्ण गाँउको तर्फबाट जाहेरथानमा रहेको बोङगा (देवि/देवता)लाई बलिदिने विशिष्ट जिम्मा पाएको हुन्छ । सन्थाल समुदायमा नायकीको पद पवित्र र धार्मिक महत्त्वको पदको रूपमा लिईन्छ । उनीहरूको परम्पराअनुसार नायकी "मर्मु" थरबाट नियुक्ति हुने गर्दछ तर जुनसुकै थरबाट पनि नायकी नियुक्ति हुन बाधा पुग्दैन । सन्थाल जातिमा नायकी "मुर्मु" समुदायको हुनु पर्दछ र उनी पनि पुजारी वर्गमा पर्दछ ।

2 कुन्दन मुर्मु, कन्काई नगरपालिका-७ झापा (अन्तर्वार्ता मिति: २०७१/०७/१२)

**(ङ) कुडोमनायकी**: सन्थाल जातिमा कुडोमनायकीको शाब्दिक अर्थ पछाडि भन्ने बुझिन्छ । सन्थाल जातिमा कुडोमनायकीले नायकीको सहयोगीको रूपमा भूमिका निवार्ह गर्दछ । कुडोमनायकीले "बाहाँ" पर्वमा जहेरथानको पूजा गरेपछि पूजापाठ गरी आफ्नो तिघ्राको रगत सुई वा ब्लेटले सेरेर रगत वीरबुँगालाई चढाउने गर्दछ ।

**(च) गुडित**: सन्थाल जातिमा समय, समयमा मन्झीहाडामसमक्ष समुदायमा हुने विवादको छिनोफानो गर्न बस्ने सभामा उपस्थित हुनको लागि गाउँलेहरूलाई घरघरमा गई सूचना दिन र पूजाआजा चाडपर्वको समयमा नाइकेलाई सहयोग गर्न गाउँमा एक चौकीदारको व्यवस्था गरेको हुन्छ, जसलाई गुडित भनिन्छ । गुडितले घरघरमा गएर ढयाङ्ग्रो ठोक्दै आगामी सभाको जानकारी दिन्छ भने नाइयकीलाई चाडपर्वका वेला कुखुरा भेला गर्न सहयोग गर्दछ । सन्थाल जातिमा गुडितले मुख्यत गाउँलेहरूको माझमा सूचना सम्प्रेषणको काम गर्छ । परम्परागत मान्यताअनुसार सन्थाल जातिमा गुडितलाई मन्झीहाडाम र अन्य सहयोगीहरूको निर्देशनलाई कार्यन्वयन गर्ने सैनिकको रूपमा पनि हेरिन्छ । गाँउको नयाँ सूचनाहरू मन्झीहाडामलाई दिने र गाउँमा महत्त्वपूर्ण सूचना प्रवाह गर्ने, गाउँलेहरूलाई भेला गराउने, सार्वजनिक समारोहको लागि चन्दा सङ्कलन गर्ने जिम्मा गुडितको हुन्छ । गुडितलाई परिश्रमिक वापत प्रत्येक घरधुरीले केहि अन्न (जस्तै: ५ किलो चमाल) वार्षिक रूपमा दिने प्रचलन रहेको छ । सन्थाल जातिमा मन्झीपारगाना भन्दा माथिल्लो तहको निम्न संरचना पनि हुने गरेको पाइन्छ । तर माथि उल्लेखित संरचनाहरू हाल लगभग लोप भैसकेको जानकारी बुद्धिजिवी मनोज बास्के बताउँछन् । यस्ता संरचना परम्परागत न्यायप्रणलीका अङ्गहरू हुन् । १०-२० गाउँको मन्झीहरू यस संरचनामा आबद्ध हुन्छन् र सो मन्झीपारगानाको प्रमुखको छनोट गरिन्छ । यस पारगानामा गाउँबेसीमा निगाह हुन नसकेको मुद्दा, गाउँबेसी एकिन गरी निर्णय दिइन्छ (स्रोत : राई र अन्य, २०७५) ।

**(छ) देशौममन्झी**: सन्थाल जातिमा निश्चित क्षेत्रको पारगानाहरूलाई देशौममन्झीको समिति अन्तरगत राखिन्छ । जसको प्रमुखलाई पनि देशौममन्झी नै भनिन्छ । यस समितिमा प्रमुख पारगानाले निर्णय गर्न नसकेको मुद्दाहरू र पारगाना विचको बिबाहको फैसला गर्छ ।[3]

**(ज) लबीर बैसी**: सन्थाल जातिमा बैसी (सभा) बार्षिक रूपमा सिकार खेल्न जाँदा जङ्गलको बीचमा बसेर गरिन्छ । यसमा सहभागी गाउँको मन्झीहरूका बीचमा पंचायती (न्यायिक) छलफल हुने गरिन्छ । यसलाई सन्थालहरूले कुनै पनि मुद्दा फैसला गर्ने सर्वोच्च बैसी (सभाको) रूपमा मान्दछन् । यो बैसीको औपचारिक स्थाई समिति हूँदैन । वीर बैसीको फैसला वा निर्णय सन्थाल समुदायमा अन्तिम निर्णयको रुपमा लिने गर्दछ । बैसी वारिका जङ्गलका देवताहरूलाई मन्साउनका लागि छानिएको विशेष पूजारीले बलि दिने गर्दछ, जसलाई धिरी भनिन्छ । बैसीमा वादी, प्रतिवादी कसैले झुट्टा कुरा गरेमा उसको सिकार गर्ने क्रममा बाघ, भालु, आदि जनावरहरूले खाई मृत्यु हुने विश्वास गरिन्छ ।

सन्थाल जातिमा उल्लिखित मन्झीपारगाना, पारगाना, देशौममन्झी, लबीर बैसी जस्ता परम्परागत संस्थाहरू स्वशासित, औपचारिक स्वयत्त राजनीतिक र प्रशासनिक इकाइ हो । जसले सन्थाल समाजको आपसी समाजिक सम्बन्ध र अन्य समुदया वा बाहिरी संसारसँगको सिङ्गो सामाजिक सांस्कृतिक आर्थिक सम्बन्धलाई नियमित रूपमा सञ्चालन गरिरहेको हुन्छ । सन्थालहरू विभिन्न ठाउँमा छरिएर बसेको भए तापनि यस्ता परम्परागत संस्थाहरूले उनीहरूको परम्परागत सामाजिक, सांस्कृतिक मूल्य, मान्यताहरूलाई सुचारु गरी सिङ्गो समाज निर्माण गरिरहेको हुन्छ ।

3 लक्ष्मण मार्डी, कन्काई नगरपालिका-७ झापा (अन्तर्वार्ता मिति: २०७१/०७/१२) ।

**२.३ सन्थाल सभा**

सन्थाल जातिमा विचार सभा तीन प्रकारका हुन्छन् । सन्थाल समाजमा माथि उल्लेखित विभिन्न पदाधिकारीको अतिरिक्त समाजिक व्यवस्थापनलाई अझ राम्रो गर्नका लागि विभिन्न सदस्यहरू रहने गर्दछ र यस्तो सभालाई विचार सभा भनिन्छ ।

**(क) सन्थाल गाउँसभा**: सन्थाल समाजमा मन्झीहाडाम र उसका सहयोगीद्वारा आफ्नो समस्याको समाधानको लागि गरिएको सभालाई गाउँसभा भन्दछन् । यो सभामा गाउँमा भएका झैझगडा, कुटपिट, सम्बन्धविच्छेद, केटाकेटीलाई बिबाहको लागि राजि गराउने, मुद्दामामिलाको छिनोफानो गर्ने गर्दछ । सन्थाल समाजमा दोषीलाई अबदेखि यस्तो काम नगर्न भनी सबैको अगाडि माफी मगाउनुको साथै आवश्यक परे जरिवाना पनि तिराउँने प्रचलन छ ।

**(ख) सन्थाल प्रगन्नासभा**: सन्थाल जातिमा प्रगन्ना सभाको गठन धेरै गाउँका २ वा सो भन्दा बढी मानिस मिलेर गरिएको हुन्छ । सन्थाल समाजमा यो सभाको मूल व्यक्तिलाई प्रगन्ना भनिन्छ । भौगोलिकताको आधारमा सजिलो पर्ने गरी प्रगन्नाको लागि गाउँहरू मिलाएको हुन्छ । यस सभामा छुट्टै माझीको व्यवस्था पनि गरिएको हुन्छ । गाउँसभाबाट आएका मुद्दाहरू एवं समस्याहरूलाई निरोपण गर्न यो सभामा विचार बिमर्श, छलफल र निर्णय गरिन्छ । सन्थाल समाजमा यस सभामा पनि फैसला नभएका मुद्दाहरू वा समस्याहरू सिकार सभामा लगेर समाधान गरिन्छ ।

**(ग) सन्थाल सिकारसभा**: सन्थाल जातिमा यो सभाको गठन विधि कसरी हुने भन्ने स्पष्ट छैन । किनकी हाल यस किसिमको सभा समाजमा छुट्दै गएको र पहिले भएको सभाको कुनै अभिलेख नभएकाले यस्तो समस्या आएको हो । यसको व्यवस्था सम्बन्धमा विचार गर्दा सिकार पर्व मनाउन जाने समूह नै सिकार सभाका सदस्य रहने गर्दछ । सन्थाल जातिमा सिकार पर्व महत्त्वपूर्ण पर्वको रूपमा मनाउने या वर्षम एक पटक गाउँका प्रमुख व्यक्तिलाई भेला भई सिकार खेल्न जङ्गल जाने र दुई-तीन दिनसम्म सिकार गरी मासु, रक्सी, जाँड खाने पिउने हुनाले यस्तै खाईपिई गर्ने ठाउँमै बाँकी रहेका समस्या वा मुद्दाहरूको छिनोफानो गरिन्छ । यस्को निर्णयमा चित्त नबुझेमा यहाँ भन्दा माथि जाने सभा नभएकाले यस सभाको निर्णय वा फैसला नै अन्तिम मानिन्छ ।

सन्थाल जातिलाई इमान्दारीता र सहयोगी भावना भएका जातिका रूपमा लिइन्छ । सन्थाल जातिमा हुने कुनै पनि विवाद वा झगडा र अन्य समस्याहरूमा पनि आफनै समुदायका विभिन्न संरचना र सभाहरूमा छलफल गर्ने र दण्ड, जरिवाना तोक्ने व्यवस्था थियो । उनीहरूका बीचको विवादलाई लिएर कुनै औपचारिक अड्डा, अदालत वा प्रहरी समक्ष शरण पर्दैन थिए । तथापी आजभोली समयको परिवर्तनसँगै उनीहरू आफ्नो ग्रामीण नीतिको अभ्यास नगरी विवाद समाधानका लागि औपचारिक निकायमा जानथालेको पाइन्छ ।

सन्थाल जातिमा मन्झीहाडामले गाउँसभा गरी छिनेको मुद्दा त्योभन्दा माथिल्लो सभामा जाने वा पुनरावेदन लाग्ने व्यवस्था नभएकाले छिन्न नसकेका मुद्दा वा समस्याहरू मात्र अगाडि बढ्ने देखिन्छ । त्यसैले धेरै समस्या गाउँ सभामै सकिने र बाँकी रहेका प्रगन्ना सभामा सकिने भएकाले सिकार सभामा मुस्कीलले एक दुई समस्या मात्र पुग्ने अथवा नपुग्ने पनि अवस्था देखिन्छ । यसरी हेर्दा गाउँसभा र प्रगन्ना सभा नै विचार गर्ने विमर्श गर्न महत्त्वपूर्ण ठाउँ देखिन्छ ।

## ३. निष्कर्ष

पूर्वी नेपालको मूलत: झापा र मोरङ जिल्लामा बसोबास गर्ने सन्थाल जातिमा परम्परागत संस्था र प्रथाजनित कानून हालसम्म पनि निकै सशक्त रूपमा रहेको देखिन्छ । वर्तमान समयमा राज्य निर्मित कानूनका कारण सन्थाल जातिको परम्परागत संस्था, प्रथाजनित कानून र अभ्यासहरू ओझेलमा परेको भए तापनि सन्थाल जातिमा अझै पनि कुनै पनि सांस्कृतिक, धार्मिक, सामाजिक निर्णय गर्नुपूर्व समुदायमा विद्यमान प्रथाजनित संस्था मान्झी पारगाना र यी संस्थाभित्र रहने मान्झीहाडाम, प्राणिक, जगमन्झी, नायकी, कुडोमनायकी, गुडित, देशौममन्झी आदि संस्थागत पदाधिकारीहरूको राय, परामर्श लिने गरेको पाईन्छ । यसबाट के प्रस्ट हुन्छ भने सन्थाल जातिमा प्रथाजनित संस्था र न्यायप्रणाली अति शक्तिशाली रहेको थियो । नेपाल सरकारले आदिवासी जनजातिको रूपमा सूचीकृत गरेको सन्थाल जातिको परम्परागत प्रथाजनित संस्था र न्यायप्रणाली हाल लोपोन्मुख अवस्थामा पुगेको देखिन्छ ।

## सन्दर्भ सामाग्री


अमूर्त संस्कृति सम्पदा संरक्षणसम्बन्धी युनेस्को महासन्धि, २००३ ।

अधिकारी, रेशराज र हरिहर घिमिरे (२०५६), नेपाली समाज र संस्कृति, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

कट्टेल, मदन प्रसाद (२०६२).'सतार सामाजिक जीवन र रितीरिवाज अप्रकाशित शोधग्रन्थ.त्रि.वि.वि. कीर्तिपुर

चन्द्रगढी गा.वि.स. (२०६८). चन्द्रगढी गा.वि.स. को चिनारी. झापा

चापागाई, निनु (२०५९), सन्दर्भ : संस्कृति र सांस्कृतिक रूपान्तरण, काठमाडौँ : विवेक सिर्जशील प्रकाशन प्रा.लि. ।

जि.वि.स.,(२०६४) .झापा जिल्ला एक झलक झापा भद्रपुर .

दाहाल, चिन्तामणि (२०५०). सतार जाति र तिनीहरूको सांस्कृतिक स्वरूप.अप्रकाशित शोधग्रन्थ. काठमाडौं : .ने.रा.प्र. प्रतिष्ठान .

दाहाल, डिल्लीराम (२०३६). धिमाल लोकजीवन अध्ययन ने.प्र.प्र. कमलादी. काठमाडौं .

नेपाल जनजाति महासंघ, संघीय परिषद\ विश्व आदिवासी दिवस (अगस्ट ८, २००२) प्रतिवेदन .

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँगको सम्झौता अनुरूप नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानद्वारा तयार गरिएको प्रतिवेदन २०५९ .

नेपाल, रत्नमणि, (२०६१) चन्द्रगढी झापाका सन्थालहरूको आर्थिक र शैक्षिक अवस्था .

प्रसाई, जीवनाथ. (२०४०). सतारहरूको एक जातीय अध्ययन.अप्रकाशित शोधग्रन्थ .समाजशास्त्र विभाग कीर्तिपुर .

पराजुली, मीना (२०५२). सामाजिक जीवन र रीतिरिवाज. अप्रकाशित शोधग्रन्थ. कीर्तिपुर .

पाण्डेय, मधुसूदन (२०६०).नेपालका जनजातिहरू. साझा प्रकाशन.काठमाडौं .

पन्त, शास्त्रदत्त (२०४१). झापाका आदिवासी.साझा प्रकाशन .काठमाडौं .

विष्ट, डोरबहादुर (२०३०). सबै जातको फूलबारी. साझा प्रकाशन, काठमाडौं ।

विष्ट, दौलत विक्रम (२०२४). सतार जातिको नृत्य हाम्रो संस्कृति. वर्ष एक.अङ्क ३.सिंहदरवार. काठमाडौं .

विष्ट, राजेन्द्र (२०५८). सतार जाति सामाजिक जीवन र रीतीरिवाज. अप्रकाशित शोधग्रन्थ. कीर्तिपुर .

बार्नो, भिक्टर (१९७३). कल्चर एन्ड पर्सनालिटी, होम उड लिनोइसः द डोरेसी प्रेस ।

मेकाइबर आर.एम र पेज, सी.एच. (१९५३), उत्तरआधुनिकता-बहुआयामिक सन्दर्भ, इलाहवाद, लोक भारती ।

शर्मा, टिकाराम (२०५४).नेपालका सतारहरू पैरवी प्रकाशन, काठमाडौं .

शर्मा नगेन्द्र (२०५२) .नेपाली जनजीवन साझा प्रकाशन. काठमाडौं .

शर्मा, नेपाल, वसन्तकुमार (२०५८), नेपाली शब्द सागर, काठमाडौँ : भाभा पुस्तक भण्डार ।

आर.एस.मसफ हल (१९५३). क्याम्पवेल्स सन्थाल इङ्गलिस डिक्सनरी. विहार .

डोमन, साहु समीर (१९६०). संथाली भाषा और साहित्य. पञ्चदश लोक भाषा निवन्धवाली विहार राष्ट्र भाषा परिषद\ गया..

वास्के, केथरिन, सन्याल जाति, समाज और साहित्य उडालगुडी साहित्य प्रकाशन. दुम्का .

राई, भक्त (२०७१) किरात साम्पाङ पहिचानमा लोकगीतको भूमिका, काठामाडौँ : नेपाली डायस्पोरा वाङमय प्रतिष्ठान ।

राई, लगन र दुर्गा हाँस्दा( २०७५), सन्थाल जातिको चिनारी, ललितपुरः नेपाल सरकार आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

Bista, Dor. B. (1967). People of Nepal. Ratna Pustak Bhandar. Ktm.

Barnouw, Victor (1973), Culture and Personality. Home Wood Liionois: The Doresy Press.

Caplon. L (1970). Land and Social Change in East Nepal. London.Roulledge and Kegun. Pant

Tylor, E.B. (1871), Primitive Culture, Vol. 2, London: Murray.